**किसानको पाना**

# जीवन हिजो, आज र भोलि[1]

✍ **खेमराज न्यौपाने**

नेपालको मानचित्रमा मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत चीनसँग सिमाना जोडिएको राजधानी काठमाडौँबाट दूरीको हिसाबले नजिकै भए पनि भौगोलिक रूपमा विकट रहेको हिमाली जिल्ला हो "रसुवा"। यसै रसुवा जिल्लाको धैबुङ्ग गा.वि.स. वडा नं. ४ कटुञ्जेमा २०३० सालमा मेरो जन्म भएको हो। मेरा बाबु-बाजेको पालादेखिकै पुर्ख्यौली थलो यही नै हो र पुर्खादेखिकै पेसा पनि कृषि नै हो। मेरो परिवार गरिब भएको तथा धेरै सन्तान भएकाले सानैदेखि पढ्ने इच्छा हुँदाहुँदै पनि मैले पढ्न पाइनँ। बाबु आमासँगै सानैदेखि खेतीबारी, हलो, कोदालो, ज्याला मजदुरी गर्दै दुःख-सुख गरेर जीवन चलिरहेकै थियो। म हिँडडुल गर्न, बोल्न सक्ने भएदेखि खेतीपाती र कृषि पेसामा नै व्यस्त रहेको छु र मेरा हात-खुट्टा चलुन्जेल कृषि पेसालाई अँगाल्ने विचारमा छु।

पहिले पहिले रासायनिक मल, विषादी भनेको हामीलाई थाहै थिएन। खेतबारीमा गाईबस्तुहरूको मल हाल्ने चलन थियो। गाउँघरमा पाइने पुराना बीउ बिजन लगाउने र परम्परागत रूपमा खेती गर्ने चलन थियो। खाने, लगाउने र खेती गर्नेबाहेक अरू धेरै थाहा थिएन। एक हिसाबले कुवाको भ्यागुतोको जस्तै जीवन थियो। खेतबारीमा उत्पादन सोचेजस्तो हुँदैनथ्यो तर जति उत्पादन हुन्थ्यो स्वच्छ र शुद्ध हुन्थ्यो। स्वादिलो र पोसिलो पनि हुन्थ्यो। नमीठै खाए पनि सानो उमेरमा शुद्ध र पोषिलो खान पाएकाले नै होला अझैसम्म शरीर बलियो छ।

लगभग २०-२५ वर्ष अगाडिबाट गाउँघरमा फाटफुट रूपमा नयाँ जातका मल, बीउ भित्रिन थाले। विकासे युरिया (चिनी) नामको मल हालेपछि दोब्बर उत्पादन हुन्छ रे भन्ने हल्ला भयो। गाउँमा गाडी हिँड्ने सडक थिएन। दुई दिन हिँडेर नुवाकोट जिल्लामा गएर युरिया मल ल्याएर खेतबारीमा (बालीनालीमा) हाल्न थालियो। शुरु शुरुमा त अन्नबाली पनि पहिलेको भन्दा दोब्बर, तेब्बर बढी फल्न थाल्यो। आफ्नै खेतीको अन्नपातले खान पुग्ने हुन थाल्यो। अब त कोदो, मकै बेसाउन (किन्न) पश्चिम जान नपर्ने भयो,



मीठो नमीठो जस्तो भए पनि घरमै बसेर खेतीबाटै टन्न खान र बालबच्चालाई खुवाउन पाइने भयो भनेर सबै जना उत्साहित भयौं। केही समय किसानहरू आर्थिक रूपमा अलि माथि उठ्न सफल भए। तर बिस्तार बिस्तार खेतीबारीमा फल्ने गरेको मास, भटमास, गहत, मस्याङ, पिँडालु लगायतका गेडागुडी तथा तरकारी र पुराना जातका धान, मकैहरू कम फल्न थाल्यो। माटो पनि खस्रो, साह्रो र चिम्ट्याइलो हुँदै गयो। पछिपछि भएपछि पो थाहा भयो तिनै विकासे मल र विषादीको कारणले त्यस्तो भएको रहेछ। थाहा पाएर पनि उत्पादन घट्ने डरले मल र विषादीको मात्रा जमिनमा घटाउन सकिएको छैन। त्यसमाथि विकासे मलहरू र बीउहरूको मूल्य आकाशिँदो छ। तर के गर्नँ, तिनै मल र विषादी नभई तरकारी, अन्न, फलफूल, फल्नै छाड्ने अवस्था आएको छ। बेँसीबाट बिस्तारै पहाडसम्म पनि बालीनाली, तरकारीमा रोग, कीरा लाग्ने प्रकोप बढ्दै गइरहेको छ। यसरी दिनप्रतिदिन ग्रमिण कृषिमा परिवर्तन आइरहेको छ।

कृषि पेसासँगै जीवनमा धेरै कुराहरू परिवर्तन भएका छन्। खानपान, रहनसहन, भेषभुषा, संस्कृति, परिवर्तन भएको छ। गाउँघरमा बिजुली, मिल, रेडियो, टिभी

***१ न्यौपाने धैबुङ्ग-४, कटुन्जे, रसुवाका अगुवा कृषक हुन्।***

जस्ता विभिन्न उपकरणहरू आएसँगै बिस्तारै ढिकी, जाता, घट्ट, कपडाहरू बुन्ने र ग्रामीण उपकरणहरू ओभ्रेलमा पर्न थालेका छन् । मानिसहरूले सजिलो र छिटो हुने काम र साधनको प्रयोग धेरै गर्न थालेका छन् । बजारमा नयाँ नयाँ खाद्यपदार्थहरू पनि आउन थाल्यो । के, कसरी, केबाट बन्यो, त्यसले के असर गर्छ भनेर ती चिज बारेमा नबुझी फाइदा-बेफाइदा अखाद्य पदार्थ मिसावट भएका खानेकुराहरू खाने क्रम बढेको छ। प्लास्टिक जस्ता हानिकारक पदार्थहरूको प्रयोग पनि बढिरहेको छ। रासायनिक मल, विषादी, अखाद्य चिजका कारण मानिस तथा पशुपक्षीको स्वास्थ्यमा प्रत्यक्ष असर परेको उदाहरण गाउँमा भेटिन थालिसकेको छ। त्यससँगै जंगल, पानी पँधेरा, हावा क्रमस दूषित भइरहेका छन् । हाम्रो वातावरण दिनानुदिन बिग्रँदै गइरहेको छ ।

विस्तार विस्तार कृषि पेसा गर्ने (खेतीपाती गर्ने र पशुपालन गर्ने) मानिसहरू कम हुन थालेका छन् । कृषि पेसा गर्नेहरू पनि समयमा बीउ, मल नपाउदा निराश भएका छन्। न्यसमाथि आजकाल स्थानिय मौसममा अनिश्चिता आएको छ। हाम्रो जस्तो आकाशे पानीको भर पर्नुपर्ने ठाउँहरूमा त झन् एकदमै गाह्रो छ । समयमा पानी पर्दैन । फेरि बल्लबल्ल फलाएका अन्न, तरकारी फलफूल बेच्नका लागि पनि किसानले सहजसँग बजार र उचित मूल्य पाएका छैनन् । बदलिँदो परिस्थितिअनुसार मानिसहरूको आम्दानी भन्दा खर्च धेरै छ । त्यसकारण कृषि पेशा परित्याग गर्दै युवाहरू विदेशिने क्रम बढेको छ ।







आजको जमानामा शिक्षा नै सबैभन्दा ठूलो भएपनि पढ्नेबित्तिकै खेतीका काम गर्न हुँदैन भन्ने मानशिकताले कृषिमा झन चुनौति बढाएको छ । अशिक्षित, अन्य काम गर्न नसक्ने, गरिब, महिला, सोझा साझाले मात्र खेतीको काम गर्नुपर्छ भन्ने भ्रम छ युवाहरूमा। सरकारी र गैरसरकारी संस्थाले पनि कृषि र खेतीपातीको कुरा उठाउँछन्, तर युवालाई खेतीमा प्रोत्साहित गर्न खासै केही योजना ल्याएका छैनन्। त्यस्तै सेवा-सुविधाको कुरा गर्छन् तर किसानले पाउने सहुलियत, सेवा, सुविधा राजनीतिक आधारमा माटो नै नछुनेहरूले धेरै प्रयोग गर्न पाउँछन् । कृषि पेशा र किसानका धेरै समस्या र पीडाहरू छन् । अन्य क्षेत्रमा भन्दा कृषि पेशामा झन् अन्योलता कायम छ ।

यस्तै अन्योलतामा रुमलिँदै जसोतसो आफ्नै पारामा खेती गर्दै आएको थिएँ म पनि । कृषि पेसा र वातावरण बिग्रँदो अवस्था देखेर चिन्तित त थिए तर के गर्ने थाहा थिएन ।

रसुवा जिल्लामा २०५४ सालदेखि नेपाल कृषिवन प्रतिष्ठान भन्ने गैरसरकारी संस्था आएर कृषि र वन तथा अधिकारको क्षेत्रमा किसानहरूलाई जागरूक बनाउँदै, संगठनहरू निर्माण गरेर काम गर्न थाल्यो । म कृषि पेसामा बढी समय बिताउने र नयाँ केही गर्न, सिक्न चाहने भएकाले पनि कृषि वनसँग नजिक भएँ । कृषिसम्बन्धी विभिन्न कार्यक्रमहरूमा पनि सहभागी हुन पाएँ । यसबाट म मा कृषिसम्बन्धी केही, ज्ञान, सीपहरू थपिए ।

हामी कृषिमा काम गर्ने किसानको सबैभन्दा प्यारो चिज वा सम्पत्ति नै जमिन हो । तर रसुवा जिल्लामा हामीहरू लगायत करिब नौ सय परिवारले पुर्खौदेखि जोतभोग गरेको जमिन मालिकको बिर्ता थियो । हामीसँग लालपुर्जा नहुँदा अनेक समस्या थिए । जग्गा आफ्नो हुने हो कि होइन भन्ने पिरलोले काम गर्ने जाँगर पनि मर्थ्यो । कृषि वन प्रतिष्ठानकै पहलमा हामीले बिर्तालगायत भूमि समस्या समाधानका लागि भूमि अधिकार मञ्च गठन गर्‍यौं । भूमिअधिकार मञ्चको आन्दोलन सक्रिय बनाउन सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भन्ने संस्थाले पनि धेरै सहयोग गर्‍यो । भूमिअधिकार मञ्चका अध्यक्ष भनावीप्रसाद न्यौपानेको नेतृत्वमा विभिन्न आन्दोलन, संघर्षपश्चात् गत साल हामीले बिर्ता जग्गाको लालपुर्जा पायौं । लालपुर्जा पाएकामा म लगायत सबै किसान धेरै नै खुसी भएका थियौं । खेतीको माया पनि झनै बढेको थियो । तर बिग्रँदो वातावरण तथा कृषिको समस्या प्रति भने चिन्तितनै थियौं ।

यसै क्रममा २०६७ मंसिर २४ देखि २०६९ जेठ २८ गतेसम्म कृषि वनकै माध्यमबाट फरेष्ट एक्सनले आयोजना गरेको दिगो खेतीपातीका लागि सामाजिक रूपान्तरण भन्ने १८ महिने तालिममा सहभागी हुने मौका पाएँ । धेरै जिल्लाका कृषक दिदी-बहिनी, दाजुभाइसँग भेट्ने, कृषि र खेतीपातीका सफलता, असफलता, समस्या, अवसरलगायतका अनुभवहरू सुन्ने, विभिन्न स्थानको वातावरण अवलोकन गर्ने अवसर प्राप्त भयो । उक्त १८ महिनाको अवधिमा ६ शृंखलामा सञ्चालन भएको तालिमबाट मेरो जीवनमा अर्थात् मेरा कृषि पेसामा सहयोग पुग्ने धेरै महत्वपूर्ण ज्ञान, सीप सिक्ने मौका पाएँ । कृषि पेसाको सुरुवातदेखि हालसम्मको अवस्था, चुनौती, कृषिको महत्व, शुद्ध र स्वच्छ उत्पादन, विषादीको न्यूनतम प्रयोग, वातावरण सफा राख्ने लगायतका विषयहरूमा आदरणीय गुरुहरूले धेरै महत्वपूर्ण कुराको ज्ञान दिनुभयो । परिवर्तन र नयाँ कामको शुरुवात आफैबाट गरेर अरूलाई पनि गराउनुपर्छ भन्ने सोचेर तालिमपछि मैले आफू र आफ्नो परिवार तथा खेतीपातीमा धेरै नै परिवर्तन ल्याउन थालेको छु । तालिमको माध्यमबाट मेरो व्यक्तिगत क्षमतामा (बोल्ने, तर्क गर्न), कृषिसम्बन्धी कुराहरूमा ज्ञान बढेको छ । व्यावहारिक तथा सैद्धान्तिक ज्ञान, सिकाउने फरक-फरक विधि र तरिका अवलोकन भ्रमण जस्ता तरिकाबाट व्यवहारमा लागू हुने कुरा सिक्न पाएँ । आफूले गर्ने गरेको खेती तथा बालीनालीमा मल, विषादीको प्रयोग विस्तार विस्तार कम गर्दै जाने कामको थालनी गरेको छु । घरभित्र प्रयोग हुने पानीको सदुपयोग, प्राङ्गारिक मल बनाउने, वातावरण सफा राख्ने कामहरू पनि गरेको छु । साथै मेरो गाउँ कटुञ्जेमा मैले सिकेका कुरा छलफल गरेर प्लाष्टिक, विषादी र त्यसबाट हुने हानिबारे जनचेतना फैल्याएर यसको कम प्रयोग र प्रयोग भइसकेपछि जथाभावी फाल्न, आगो बाल्न नदिई निश्चित ठाउँमा थुपार्ने व्यवस्था गरेको छु । हामी सबै भएर कटुञ्जेलाई प्लास्टिक मुक्त क्षेत्र घोषणा गरेका छौं ।

रासायनिक मल, विषादीको कम प्रयोग गर्ने कुरामा आफू परिवर्तन हुन र अरूलाई पनि परिवर्तन गराउने मेरो दृढ निश्चय छ । यसरी तालिम र पाएका ज्ञानबाट ल्याएका परिवर्तन तथा काम गरेको कारण म कृषकबाट अगुवा कृषकका रूपमा चिनिएको छु । अझै धेरै परिवर्तन ल्याउन र अरूलाई गराउन भने बाँकी नै छ । सबैलाई वातावरणसँगको मानिसको अनून्याश्रीत सम्बन्ध मनन् गराउँदै यसको दिगोपनाको लागि आगामी दिनमा पनि लागि नै रहने छुँ ।

कृपया मेरो अनुराध छ, कृषि उत्पादनको लागि रासायनिक मल र विषादीको प्रयोग नगरौं, प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गरौं र खेर गएको पानी सदुपयोग गर्दै प्राङ्गारिक खेती प्रणालीमा अग्रसर हौं ।

अन्त्यमा कृषि पेसालाई सम्मानित र मर्यादित बनाउनु आजको आवश्यकता भएको हुँदा कृषि पेसा र कृषकलाई सम्मान गर्न तथा सहुलियतको लागि सरोकारवाला सबैलाई आग्रह गर्न चाहन्छु ।

_______........